नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७८ पौष २१ गते सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका माननीय मन्त्रीहरु, माननीय राज्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, मुख्य सचिव श्री शंकरदास बैरागी र नेपाल सरकारका सचिवहरुको संयुक्त बैठकलाई निर्देशन दिनुभयो। समृद्धि, विकास र सुशासनको लागि वर्तमान संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमको प्रतिबद्धताको प्रभावकारी कार्यसम्पादन गर्न सम्माननीय प्रधानमन्त्रीज्यूले निर्देशन दिनुभयो।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले वर्तमान संयुक्त सरकारले जारी गरेको साझा न्यूनतम कार्यक्रमलाई सबै मन्त्रालयले विशेष जोड दिई कार्यान्वयनमा लैजान निर्देशन दिनुभयो। आगामी चैत्र महिनाको अन्त्यसम्म खोप लगाउन योग्य सबै नेपाली जनतालाई कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराउन मुलुकभर प्रभावकारी तवरले खोप अभियान सञ्चालन गर्न तथा कोभिड-१९को सम्भावित तेस्रो लहरको संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि तीनै तहका सरकारका बीचमा आवश्यक समन्वय र सहकार्य बढाई सबै प्रकारका पूर्वतयारी मिलाउन र उपचार व्यवस्थालाई चुस्त, दुरुस्त बनाउन सम्बन्धित मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिनुभयो।

यसैगरी कोभिड-१९ पछिको अर्थतन्त्रको पुनरुत्थान, पुनःसंरचना र पुनरुद्धारको लागि एकीकृत राष्ट्रिय रणनीति र कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन, आगामी निर्वाचनको तयारी र यसको निष्पक्ष तथा सफल सञ्चालन, जनताले सरकारबाट अभिभावकत्वको अनुभव प्राप्त हुने खालको सेवा प्रवाह, किसानहरुलाई समयमै मल तथा अत्यावश्यक सेवा उपलब्धताको प्रत्याभूतिका लागि सम्बन्धित सबै निकाय तथा पक्षलाई सचेत रही तदारुकताका साथ कार्यान्वयन गर्न निर्देशित गर्नुभयो। विकास आयोजनाको समयमै निर्माण तथा सञ्चालन गर्दै पूँजीगत खर्चमा वृद्धि गर्न, लगानी आकर्षण गर्न तथा आर्थिक तथा शासकीय सुधारका लागि सार्वजनिक-निजी सहकार्यका लागि पनि सम्माननीय प्रधानमन्त्रीज्यूले निर्देशन दिनुभयो।

सरकार जनताको अभिभावक रहेकोले जनतालाई सेवा सुविधा उपलब्ध गराउँदै डेलिभरीमा खरो उत्रन निर्देशन दिनु भयो। उक्त कार्यक्रममा माननीय अर्थ मन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका माननीय राज्यमन्त्री, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष र नेपाल सरकारका मुख्यसचिवले पनि मन्तव्य व्यक्त गर्नु भएको थियो।

२०७८ पौष २१

कृष्ण बहादुर राउत
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल